## परिच्छेद ५

## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

२६. **विद्यालय व्यवस्थापन समिति रहने :** (१) यस ऐन अन्तरगत व्यवस्था भएको समितिहरुको अधिकार क्षेत्र वाहेक विद्यालय संचालन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका अभिभावकले स्वयम मध्येवाट चुनेका दुई जना महिलासहित ४ जना -सदस्य

(ख) विद्यालयका संस्थापक तथा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका चन्दादाता वा सो विद्यालय भएको वडाको शिक्षाप्रेमी, बुद्धिजिबी, समाजसेवी मध्येबाट वडा समितिले मनोनित गरेको -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षक प्रतिनिधि १ जना -सदस्य

(च) सम्बन्धित विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(छ) विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेको वा सम्बन्धित विद्यालयको उपल्लो दुई कक्षाबाट विद्यार्थीले मनोनयन गरेको एक छात्र र एकजना छात्रा गरी २ जना -स्थायी आमन्त्रित सदस्य

- (ज) थप गरी बिद्यालय संस्थापक बुद्धीजीवी, शिक्षा प्रेमी, बिद्यालयलाई निरंन्तर दश बर्ष देखी सहयोग गर्ने वा बिद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्ये बाट वि.व्य.स.ले मनोनित गरेका १जना महिला सहित २ दुई जना सदस्य रहने छ ।
- (२) विद्यालय व्यबस्थापन समिति गठन गर्ने उद्देश्यको लागि उपदफा (१) को खण्ड “क” बमोजिमका व्यक्तिहरु विद्यालयका अभिभावकले सर्वसम्मतिले छनौट गर्नुपर्नेछ । सर्बसम्मत हुन नसके वा अनावश्यक विवाद भएमा नगर प्रमुख वा निजले तोकेको व्यक्तिले विद्यालयका अभिभावकहरु मध्येबाट सवै पक्षको कुरा सुनि विद्यालय व्यबस्थापन समितिका सदस्यहरु छनौट गर्नुपर्नेछ ।
- २.१ वि.व्य.स.अध्यक्ष उप दफा (१) अनुसार गठित सदस्यको सर्वसहमतिले अध्यक्षको छनौट गरिने छ । सर्वसहमति नभएमा जेष्ठ सदस्यको अध्यक्षतामा वि.व्य.स.को बैठक हुन सक्ने छ ।
- (क) थप :- वि.व्य.स.गठन गर्न शिक्षा शाखा बाट तिन पटक सम्म पत्राचार हुँदा पनि गठन गर्न नसक्ने विद्यालयहरुमा नगर शिक्षा समितिबाट बढीमा छ महिनाको लागि अभिभावकहरु मध्येबाट एक अस्थायी वि.व्य.स. गठन गर्न सकिने छ ।

(३) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा नगर प्रमुखले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट नगरप्रमुखले मनोनीत गरेको एकजना - सदस्य

(घ) सम्बन्धित विद्यालय हेर्ने श्रोत व्यक्ति वा निजले तोकेको व्यक्ति - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु-मध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यपक - सदस्य सचिव

(३) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।

(४) व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको जेष्ठ सदस्यले स्वीकृत गर्नेछ । साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधीहरुले राखेको दृष्टिकोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानुन विपरितका कुनै निर्णय भएकोमा बालप्रतिनिधीहरुलाई जिम्मेवार बनाईने छैन ।

(५) विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, दाजु, दिदीको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनु पर्नेछ ।

२७. **व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्था :** (१) प्रधानाध्यापकले दफा २६ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्य अवधि समाप्त हुनु भन्दा तीस दिन अगावै सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिन भित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस ऐन बमोजिम सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित शिक्षा अधिकृत वा निजले खटाएको अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक, श्रोत ब्यक्ति, विद्यालय रहेको वडाको वडा अध्यक्षले तोकेको प्रतिनिधि रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।

(३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरू छनौट सम्बन्धी अन्य कार्यविधि कार्यापालिकाले तोके बमोजिम हुनेछ ।

२८. **व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिको सदस्य-सचिवले जहिलेसुकै पनि व्यवस्थापन समितिको बैठक बोलाउन सक्नेछ ।

(४) व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य-सचिवले साधारणतया बहत्तर घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।